annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ८६ पृष्ठ ८ | काठमाडौं, बिहीबार ८ साउन २०८२ | श्रावण कृष्णपक्ष त्रयोदशी नेपाल संवत् ११४५ | THURSDAY, JULY 24, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# खडेरीले खंग्रङ्ग मधेस, विपद् संकटग्रस्त क्षेत्र घोषणा

अन्नको भण्डार हो- मधेस । जहाँ सिँचाइ हुन्थ्यो, प्रशस्त खेती फल्थ्यो । तर, २-३ वर्षयता खडेरीले खंग्रङ्ग छ । रोपाइँ भएको छैन, रोपेको धान पनि सुक्दै गएको छ । त्यसैकारण सरकारले विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ । अब सबै स्रोतसाधन र शक्ति लगाएर अन्नको भण्डार मधेसलाई जोगाउनुपर्ने दायित्व सरकारको काँधमा छ ।

**ममता थापा/राजकरण महतो** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

| मधेसमा कृषि उपज हुने क्षेत्र (हेक्टर) | |
|---|---|
| खाद्य तथा अन्य बाली | ८२९०८८ |
| तरकारी तथा बागवानी | ६७१५६ |
| फलफूल | ४४१०७ |
| मसला | १२१६८ |

| प्रदेशगत रुपमा मधेसको हिस्सा (प्रतिशत) | |
|---|---|
| खाद्य तथा अन्य बाली | २१.२७% |
| तरकारी तथा बागवानी | २६.५६% |
| फलफूल | २७.४४% |
| मसला | १६.३३% |

## युनेस्कोबाट बाहिरिँदै अमेरिका

**अमेरिका** (एजेन्सी): संयुक्त राष्ट्रसंघ शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संस्था (युनेस्को) बाट अमेरिका बाहिरिने भएको छ। उसले सन् २०२६ को अन्त्यसम्ममा बाहिरिने निर्णय गरेको हो। राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले उक्त निर्णय 'अमेरिका फर्स्ट' नीतिअन्तर्गत अमेरिकाको राष्ट्रिय हितअनुसार गरेको दाबी गरेको छ।

अमेरिकी विदेश मन्त्रालयले जारी गरेको वक्तव्यअनुसार युनेस्कोले सामाजिक र सांस्कृतिक विषयमा 'विवाद सिर्जना गर्न सक्ने' नीतिहरू अघि बढाएको भन्दै चिन्ता व्यक्त गरेको छ। विशेषत: प्यालेस्टाइनलाई सदस्यता प्रदान गरिएको निर्णयले अमेरिकाको आधिकारिक नीतिसँग असामञ्जस्य देखिएको ट्रम्प प्रशासनको भनाइ छ। ह्वाइट हाउसका प्रवक्ता अन्ना केलीले राष्ट्रपति ट्रम्पले अमेरिकी जनताको चाहनालाई ध्यानमा राख्दै सबै अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सहभागिता पुनरावलोकन गरिरहेको बताए। उनले यस्ता निर्णयहरूमा अमेरिकाको राष्ट्रिय हितलाई सधैं प्राथमिकता दिइने बताए।



युनेस्कोका महानिर्देशक औड्रे अजोउले अमेरिकी निर्णयलाई 'दु:खद' भने। संस्थाले यस किसिमको परिस्थितिका लागि आवश्यक तयारी गरिसकेको बताए। बहुपक्षीयता, सहकार्य र सांस्कृतिक संरक्षणका क्षेत्रमा युनेस्कोको भूमिकालाई दोहोर्‍याउँदै उनले विगत केही वर्षमा संस्थाले संरचनात्मक सुधार र विविध वित्तीय स्रोतहरू विकास गरेको दाबी गरे। साथै, अमेरिकी निर्णयले युनेस्कोका अमेरिकी साझेदार संस्थाहरूमा प्रत्यक्ष असर पार्न सक्ने चेतावनी पनि महानिर्देशक अजोउले दिए।

## राष्ट्राध्यक्ष दलीय आबद्धतामा फर्किने विषय संविधानविपरीत : एमाले

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

नेकपा एमालेले राष्ट्राध्यक्षको जिम्मेवारीमा रहँदा वा अवकाशपछि राजनीतिमा फर्किने परिकल्पना मुलुकको संविधानले नगरेको दाबी गरेको छ। सचिवालय, पालिटब्युरो र केन्द्रीय कमिटीको बैठकपछि बुधबार पत्रकार सम्मेलन गर्दै एमालेले राष्ट्रप्रमुख जस्तो गरिमामय भूमिकामा रहेको व्यक्ति राजनीतिमा आउने विषय संविधानविपरीत भएको जनाएको छ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता कायम नराख्ने निर्णयसहित केन्द्रीय कमिटीको मंगलबार अबेर राति सम्पन्न बैठकले पूर्वराष्ट्रपति भण्डारीलाई सक्रिय राजनीतिमा नफर्कन आग्रह गरेको थियो। केन्द्रीय कमिटीको निर्णयमा भनिएको



छ, 'यस्तो गरिमामय भूमिकामा रहेको राष्ट्राध्यक्षले पदीय जिम्मेवारीमा रहँदा र त्यसबाट अवकाशप्राप्त गरिसकेपछि पनि आफ्नो दलीय आबद्धतामा फर्किने विषय नेपालको संविधानले परिकल्पना गरेको देखिँदैन।'

राष्ट्रपति संस्थाको गरिमामय ओहदालाई ध्यानमा राखेर त्यस जिम्मेवारीमा निर्वाचित हुने व्यक्ति आफ्नो दलीय या अन्य संस्थागत आबद्धताबाट पूर्णरूपमा मुक्त भएर निष्पक्ष भूमिकामा रहने र पदमा रहँदा संवैधानिक सीमाभित्र रहेर काम गर्ने व्यवस्था नेपालको संविधानले गरेको स्पष्ट पारेको छ। राजनीतिमा फर्किंदा राष्ट्रपतिले पदीय जिम्मेवारीमा रहँदा सम्पादन गरेका कामहरू विवादित हुन सक्ने एमालेको ठहर छ। 'भविष्यको कुनै आस या त्रासमा रहेर कार्यसम्पादन गरियो भने त्यसको विश्वसनीयतामाथि प्रश्न उठ्ने स्थिति उत्पन्न हुन जान्छ भन्ने कुरामा हामी सबै सजग बन्नैपर्छ, विज्ञप्तिमा भनिएको छ, 'गणतन्त्र नेपालका प्रथम राष्ट्रपतिले यस सन्दर्भमा स्थापना गर्नुभएको दृष्टान्त यहाँनिर स्मरणीय छ।' मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापित गर्न सात दशकभन्दा बढी समय बलिदानी संघर्षको अग्र मोर्चामा रहेको र मुलुकको संविधान निर्माणमा नेतृत्वदायी तथा निर्णायक भूमिका खेलेको एमालेले यस प्रणालीलाई रक्षा, विकास एवं सुदृढ गर्न दृढ संकल्प व्यक्त गरेको छ।

'सम्माननीय पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी नेपाली राजनीतिमा एकजना सम्मानित नाम हो। हिजो आफ्नो पार्टीको केन्द्रीय नेतृत्वमा र उपाध्यक्षको ओहदामा रहँदा होस् या सम्मानित राष्ट्रपतिको जिम्मेवारीमा रहँदा, उहाँले अत्यन्त गरिमामय ढंगले ती ओहदाहरूलाई उचित न्याय र उत्कृष्ट कार्य सम्पादन गर्नुभएको छ, विज्ञप्तिमा भनिएको छ।

» बाँकी पृष्ठ ६

